प. सं. : २०८२/०८३
च. नं. : ४०

०६ असोज, २०८२

श्री केन्द्रीय कार्यकारिणी समिति सदस्यहरू/
केन्द्रीय समिति सदस्यहरू/प्रदेश समिति/ विशष प्रदेश समिति/पहिचानमा आधारित राष्ट्रिय समितिहरू/ जिल्ला समिति/ विशेष जिल्ला समिति/ पालिका समिति/भातृ/ जनबर्गीय सङ्गठनका केन्द्रीय समितिहरू ।

विषय : परिपत्र

मिति २०८२ साल असोज ५ गते पार्टीका केन्द्रीय अध्यक्ष मा. उपेन्द्र यादवज्यूको अध्यक्षमा पार्टी केन्द्रीय कार्यालय बालकुमारी ललितपुरमा बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकबाट निम्नानुसार निर्णयहरू भएका छन् । उक्त बैठकले गरेका निर्णयहरू कार्यान्वयन गर्न/गराउन हुँन पार्टी निर्देशनको रूपमा यो परिपत्र जारी गरिएको छ ।

## वर्तमान राजनीतिक परिस्थितिमा जसपा नेपालको दृष्टिकोण

१. नेपाली जनआन्दोलन, जनसङ्घर्ष र क्रान्तिको इतिहासमा २००७ सालमा जहानीयाँ राणाशासनको अन्त्य, २०४६ सालमा निर्दलीय निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य, २०६२/६३ सालको जनआन्दोलनद्वारा बहुदलीय लोकतान्त्रिक व्यवस्थाको पुनः स्थापना, २०६३ सालको ऐतिहासिक मधेश जनविद्रोहबाट संघीय लोकतान्त्रिक प्रणालीको स्थापना, २०६५ सालमा पहिलो संविधान सभाबाट राजतन्त्रात्मक व्यवस्थालाई अन्त्य गरी गणतन्त्रको घोषणा आदि ऐतिहासिक परिवर्तनहरू भए । आज बहुदलीय व्यवस्था स्थापना भएको लगभग ३५ वर्ष, गणतन्त्र स्थापना भएको लगभग १७ वर्ष र वर्तमान संविधान जारी भएको लगभग एक दशक भएको छ । बहुदलीय व्यवस्था पुनः स्थापना पश्चात विगतका वर्षहरूमा नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी) कै नेतृत्वमा सरकारहरू गठन भए । यिनै पार्टीको नेतृत्वमा मुलुकको शासन सत्ता सञ्चालन भए । तर गरिबी, बेरोजगारी, भ्रष्टाचार, जातीय, वर्गीय तथा लैङ्गिक असमानता र विभेदको अन्त्य हुन सकेन । कांग्रेस र कम्युनिष्ट पार्टीको नेतृत्वमा गठन भएका सरकारहरु पूर्ण रुपले असफल सिद्ध भए । नेपाली शासक वर्ग अर्थात शासक जातिले आफूलाई शासक र जनतालाई रैती अथवा दास सम्झने प्रवृत्तिमा कुनै परिवर्तन आउन सकेन । लोकतन्त्रको स्थान



Phone: +977-01-5186392, Email: jasapanepal2077@gmail.com, Website : jspnepal.org

दलतन्त्र, नेतातन्त्र र गुटतन्त्रले लिन थालेपछि मुलुकको अवस्था झन् जटिल, दिशाहीन र अन्योलपूर्ण हुन पुगेको छ। के.पी. शर्मा ओली नेतृत्वको कांग्रेस र एमाले सरकारले नेपालको भू-राजनीतिक अवस्था र छिमेकी मित्र राष्ट्रहरुप्रतिको संवेदनशीलतालाई बुझ्न नसक्नु कुटनीतिक असफलता हो।

जनताले गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा सहज रूपमा प्राप्त गर्न सकेन। गुणस्तरीय शिक्षा र रोजगारीको अभाव भएका कारण लाखौं युवा युवतीहरू शिक्षा र रोजगारीका लागि विदेशिन बाध्य हुनु पर्‍यो। कांग्रेस र कम्युनिष्ट सारकार कै समय मुलुकमा महँगी, गरिबी, बेरोजगारी, कुशासन, भ्रष्टाचार, कमिशनतन्त्र, लुटतन्त्र, विचौलियाको चलखेल, व्यापक रूपमा फैलिएर गयो। जनतामा सरकार, राजनीतिक दल र नेतृत्व वर्गप्रति नै व्यापक असन्तुष्टी फैलियो। उनीहरू विरूद्ध एनसेल, वाइडबडी, यती, ओम्नी, बुढीगण्डकी, सुनकाण्ड लगायत थुप्रै भ्रष्टाचारका काण्डहरू चर्चामा आए। मित्र राष्ट्रहरुको सहयोगमा स्थापना गरिएका बाँसबारी जुत्ता कारखाना, हिमाल सिमेन्ट, हरिसिद्धि इट्टा तथा टायल कारखाना, जनकपुर चुरोट कारखाना, कृर्षि औजा कारखाना, चिनी कारखाना, हेटौडा कपडा उद्योग, भृकुटी कागज कारखाना, गोरखकाली टायर कारखाना, बुटवलको धागो कारखाना लगायत सयकडौं उद्योग तथा कलकारखानाहरु सञ्चालन गर्न नसकी नीजिकरण गरिए र अन्तमा सबै कलकारखानाहरु बन्द भए। दशौंलाख मानिसहरुले रोजगारी गुमाए, अरबौंको राजस्व घट्यो। देशको अर्थतन्त्र लामो समयदेखि व्यापार घाटा, वैदेशिक ऋण, अल्पविकास, बेरोजगारी, परनिर्भरता र असमानताको दुश्चक्रमा जकडियो। यस्तो अवस्थामा युवा पुस्ताले नेपालमा आफ्नो भविष्य सुनिश्चित नहुने महसुस गर्न थालेको छन्।

२. विगतका केही वर्षहरूमा धेरै मुलुकहरूमा आन्दोलन र परिवर्तन भएका छन्। सन् २०११ मा ईजिप्टका नयाँ पुस्ताका युवाहरूले विद्रोह गरे जसबाट होस्नी मुवारकको शासन अन्त्य भयो, सन् २०२२ मा श्रीलंकामा भएको युवाहरूको विद्रोहले गतावाया राज्यपक्षले राजीनामा दिनु पर्‍यो, त्यसै गरी सन् २०२४ मा वंगलादेशमा युवा विद्यार्थीहरूले गरेको आन्दोलनबाट शेख हसिनाको सरकार ढल्यो। यी आन्दोलनहरूमा Gaming app Discord, Digital network र सामाजिक सञ्जालको प्रयोगले युवा पुस्तालाई निकै प्रभावित पारेको देखिन्छ। यसको प्रभाव नेपाली युवा वर्गमा पनि निकै रहेका छन्।

के.पी. ओली नेतृत्वको सरकारले लगभग २६ वटा अन्तराष्ट्रिय मिडिया, सामाजिक संजाल- फेसबुक, वाट्स्याप, इन्स्टाग्राम, एक्स आदिमाथि रोक लगायो। जुन कार्य लोकतन्त्र र व्यक्ति स्वतन्त्रताको प्रतिकूल थियो। यसबाट नेपाली जनता खासगरी युवा वर्ग निकै दिक्दार र आक्रोशित हुन पुगे। २०८२ साल भाद्र २३ गते सुशासन,

असमानता र भ्रष्टाचार नियन्त्रण तथा न्यायका लागि जेनजी Gen-Z युवा पुस्ताले केपी शर्मा ओली नेतृत्वको सरकार बिरूद्ध बिद्रोहमा उत्रिए, सरकारले आन्दोलनरत युवाहरूको न्यायोचित माँग र मुद्दाहरूलाई सम्बोधन गरी तत्काल समस्या समाधान गर्नुपर्दथ्यो तर सरकारले सत्ता र शक्तिको दम्भमा दमनकारी नीति लिई राज्य आतङ्क फैलाई बिद्रोहमा लागेकाहरु माथि दमन गर्ने कार्य गर्यो । दर्जनौं युवाहरूको हत्या र हजारौं युवाहरूलाई घाइते बनायो । जसले गर्दा परिस्थिति झन् बिग्रन गई भाद्र २४ गते सम्ममा ठूलो संख्यामा मुलुकले धन-जनको क्षति बेहोर्नु पर्यो । २०८२ साल भाद्र २३ र २४ गतेको आन्दोलनमा लोकतन्त्र, गणतन्त्र, संघीयता बिरोधी प्रतिगमनकारी, अराजकतत्व र षड्यन्त्रकारीहरु घुसपैठ गरी विभिन्न राजनीतिक दलका कार्यालयहरू, राष्ट्रपति भवन, सिंहदरबार, संसद भवन, न्यायपालिका, कार्यपालिका भवनहरू, होटल, उद्योग कलकारखाना, व्यापारिक एवं व्यावसायिक मलहरू, कारागार अथवा बन्दी गृह तोडी अपराधी कैदीहरू भगाउने, सुरक्षा कार्यालय तथा प्रहरी पोष्टहरू, सरकारी, सार्वजनिक तथा निजी भवनहरू आदि तोडफोड, आगजनी र लुटपाट जस्ता अपराधिक क्रियाकलाप गरी मुलुकमा अपुरणीय क्षति पुर्याएको छ । प्रहरी स्रोतका अनुसार देशका विभिन्न भागहरुबाट लगभग ११०० थान आधुनिक हातहतियारहरु लुटिएका छन् । यसले नेपालको आन्तरिक सुरक्षा समेत संकटमा पर्न सक्छ । खरबौंको सम्पती नष्ट भएका छन् । हजारौंले रोजीरोटी गुमाएका छन् । सरकार, सेना, प्रहरी र प्रशासनले चाहेको भए मुलुकलाई ठूलो जन-धनको क्षति हुनबाट जोगाउन सक्थ्यो तर जोगाउने प्रयास सम्म किन गरिएन ? रहस्यमय रहेको छ । नेपालीलाई रोजगारी प्रदान गर्दै आएका केही मुलुकहरूले वर्किङ्ग भिसा, टुरिष्ट भिसा, भिजिट भिसा रद्द गरेका छन् । यसको जिम्मेवार के.पी. शर्मा ओली नेतृत्वको सरकार नै हो । मुलुकलाई नै क्षति पुऱ्याउने दोषीहरूको छानवीन गरी कानुन बमोजिम कार्यवाही गरी पिडीतलाई क्षतिपूर्ती सरकारले दिने व्यवस्था गर्नु पर्दछ ।

३. २०८२ साल भाद्र २३ र २४ गते आन्दोलनका क्रममा भएका हिंसा, हत्या, कुटपीट, तोडफोड, लुटपाट र आगजनी लगायतका घटनाहरूको सम्बन्धमा सत्य तथ्य पत्ता लगाउन उच्चस्तरीय न्यायिक छानबिन तथा अनुसन्धान आयोग गठन गरिनुपर्दछ । छानबिन र अनुसन्धानका प्रतिवेदन तत्काल सार्वजनिक गरी जनतालाई सत्य तथ्य सम्बन्धी जानकारी गराउने र उक्त घटनामा दोषी ठहर भएका व्यक्तिहरू उपर कानूनी कार्यवाही गरिनुपर्दछ ।

विगतमा भए गरेका सम्पूर्ण भ्रष्टाचारहरु, भ्रष्टाचारसँग सम्बन्धीत विभिन्न काण्डहरु उपर छानबीन गरी भ्रष्टाचारीहरुलाई कानुनको कठघरामा ल्याउनु पर्दछ ।

४. जेनजी युवा पुस्ताको आन्दोलनका क्रममा तोडफोड, आगजनी लगायतका कार्यहरूबाट नष्ट भएका नीजि तथा सार्वजनिक सम्पत्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने र भौतिक संरचना पुननिर्माणको कार्यमा हामीले सहयोग गर्ने/गराउने कार्यमा महत्वपूर्ण भूमिका खेल्नुपर्दछ । यसका लागि अगुवा साथीहरूलाई भेला गरी टिम निर्माण गरी पुननिर्माणका लागि पहल र प्रयास गर्ने/गराउने ।

५. २०८२ भाद्र २३ गते जेनजीका युवा पुस्ताले आन्दोलनका दौरान उठाएका माँग र मुद्दाहरू, जसपा नेपालले पहिलादेखि नै उठाउँदै आएका धेरै जसो माँग र मुद्दा मिल्दो जुल्दो नै भएको हुनाले पार्टीले ती माँग र मुद्दालाई सम्बोधन गराउन आवश्यक प्रयास गरिरहनुपर्दछ । युवा पुस्ताहरूसँग सहकार्य गर्दै, उनीहरूलाई प्रोत्साहन र समावेशीकरण गर्दै अगाडि बढ्नुपर्दछ । आजका युवा नेतृत्व वर्गलाई राजनीतिक रुपले प्रशिक्षित, सिर्जनात्मक र चेतनशील बनाई संगठित गरी नेतृत्वदायी भूमिका खेल्न सहयोग र प्रोत्साहन गरिनुपर्दछ । सोका लागि पार्टीले विशेष कार्यक्रम र कार्यनीति तय गरी कार्यान्वयन गर्नुपर्दछ । पार्टीको नीति, कार्यक्रम, विचार, सिद्धान्त र संगठनसँग युवा पुस्तालाई आबद्ध गर्ने प्रयास निरन्तर जारी राख्नुपर्दछ ।

६. देशको वर्तमान परिस्थितिमा शान्ति, सुरक्षा, सामाजिक सहिष्णुता र सदभाव तथा अमन चयन र कानुन व्यवस्थाको स्थापना गरिनुपर्दछ । के.पी. ओली नेतृत्वको सरकार पतन भई सकेको छ । संविधानको व्यवस्था बमोजिम नभए पनि मुलुकको विषम परिस्थितिमा आवश्यकताको सिद्धान्त (Doctrine of necessity) का आधारमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलद्वारा पूर्व प्रधान न्यायाधिश सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्ति गरिएको छ । वहाँको नेतृत्वमा मन्त्री परिषदसमेत गठन भइसकेको छ । आन्दोलनकारीहरूको माँग बमोजिम तत्काल आन्दोलनको सहज अवतरण भएको छ । **'क्रान्तिकारी सिद्धान्त, क्रान्तिकारी पार्टी र दूरदर्शी क्रान्तिकारी नेतृत्वको अभावमा कुनै क्रान्ति सम्भव हुन्न'** भन्ने तथ्यको पुष्टी भएको छ ।

वर्तमान सरकारले संघीयता, लोकतन्त्र, गणतन्त्र, समावेशिता, नागरिक स्वतन्त्रता, मौलिक हक, सामाजिक न्याय लगायतका उपलब्धिहरूको रक्षा गर्दै संविधान र संविधानवादको सिद्धान्त, संवैधानिक सर्वोच्चता र विधिको शासन कायम गर्दै नेपाली जनता र नयाँ पुस्ताको भावना र आकांक्षालाई ध्यानमा राखेर मुलुकमा रहेको अराजकता, भ्रष्टाचार, गरिबी, बेरोजगारी, अव्यवस्था, कुशासन जस्ता विकृतिहरूलाई अन्त्य गरी सुशासन कायम गरी निर्धारित समय अर्थात २०८२ साल फागुन २१ गते प्रतिनिधि सभा सदस्यको निर्वाचन सम्पन्न गर्नु पर्दछ । प्रतिनिधि सभाको निर्वाचनका लागि विश्वव्यापी लोकतान्त्रिक मुल्य र मान्यता अनुरुप समान

जनसंख्याका आधारमा प्रतिनिधित्वको व्यवस्था गर्न निर्वाचन क्षेत्रको पुन: निर्धारण गर्नुका साथै महिला र दलित समुदायका लागि छुट्टै आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था गरिनुपर्दछ । त्यसै गरी आर्थिक, सामाजिक र राजनीतिक रूपले वहिष्करणमा पारिएका वा परेका सिमान्तकृत समुदायहरू- मधेशी, आदिवासी जनजाति, थारू, दलित, पिछडा वर्ग, महिला, मुस्लिम लगायत अल्पसंख्यक समुदायहरूको लागि स्रोत साधनमा पहुँच, सत्ता र शक्तिमा समानुपातिक प्रतिनिधित्व र सामाजिक न्यायको प्रत्याभूति गराइनुपर्दछ ।

७. मुलुकको वर्तमान संविधानलाई संशोधन, परिमार्जन तथा पुनरलेखन नगरी क्रान्तिकारी परिवर्तन र रुपान्तरण नै नगरी केवल झुठ्ठा आश्वासनको भरमा मात्र जेन जीले उठाएका माँग र मुद्दाहरूलाई सम्बोधन गर्न सक्ने अवस्था नै छैन । शासकीय स्वरूप, निर्वाचन प्रणाली, न्याय प्रणाली, संवैधानिक अङ्गहरू, प्रादेशिक संरचना, पहिचान, समावेशिता र सामाजिक न्यायसँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्न संविधान संशोधन वा पुनर्लेखन नगरी हुन्न् । त्यसको लागि प्रतिनिधि सभा संसदलाई कायमै राखिनु पर्दथ्यो । प्रतिनिधि सभाको विघटन पनि संविधान अनुकूल गरिएको देखिँदैन । यथास्थितिमा गरिने निर्वाचनले परिवर्तनकारी शक्तिहरूले उठाउँदै आएका मुद्दाहरु पूर्णरुपले हल हुन सक्दैन तर पनि नयाँ प्रतिनिधि सभाले स्थान ओगट्नेछ । मुलुक पुन: यथास्थितिमा फर्किनेछ । प्रतिगमनकारी शक्तिहरु परास्त हुने छन् ।

८. नेपालको वर्तमान संविधान प्रति शुरूदेखि नै जनता समाजवादी पार्टी, नेपालको गम्भीर विमति र असन्तुष्टि रहँदै आएको भएतापनि सार्वभौमसत्ता सम्पन्न जनताको जननिर्वाचित प्रतिनिधि संस्था संघीय व्यवस्थापिका संसद नै भएको हुँदा संसद र संविधान समस्याहरूको समाधान गर्ने थलो हुने हुँदा असंवैधानिक बाटो, अतिवादी गैर-लोकतान्त्रिक चिन्तन, राजनीतिक अभ्यास र विचार तथा लोकतान्त्रिक गणतन्त्र विरोधी, संघीयता विरोधी, प्रतिगमनकारी षड्यन्त्र तथा चलखेल, क्रियाकलापबाट सतर्क र सजग रहनुपर्दछ । वर्तमान संविधानको महत्वपूर्ण पक्ष 'नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतमा निहीत रहेको छ' नै हो । तसर्थ जनतमा निहीत रहेको सार्वभौमसत्ता र राजकीय सत्ता तथा संविधानको प्रतिकूल हुने गरी गरिएका कार्यहरू जनता समाजवादी पार्टी, नेपाललाई स्वीकार्य हुने छैन, हुन पनि सक्दैन ।

९. पार्टीको संगठनात्मक कार्ययोजना :

वर्तमान परिस्थितिमा हाम्रो पार्टीले **संगठन, संघर्ष, प्रशिक्षण** र **निर्वाचनलाई** प्राथमिकतामा राखेर कार्य गर्नु पर्दछ ।

(क) **संगठनः** दशैं पछि तुरून्त प्रदेश अधिवेशनहरू र राष्ट्रिय समितिहरूका बाँकी कार्यहरू सम्पन्न गर्ने, सम्पूर्ण संसदीय निर्वाचन क्षेत्र समन्वय समिति, बुथ समिति गठन गरी परिचालन गर्ने । गठन गर्न बाँकी रहेका गाउँ/वडा, टोल समितिहरू गठन गर्ने । प्रत्येक बुथ स्तरमा स्वयं सेवक तयार गरी प्रशिक्षण दिने र परिचालन गर्ने । आगामी निर्वाचनलाई ध्यानमा राखेर प्रदेश समिति र जिल्ला समितिहरूले जनपरिचालन र आधारभूत संगठन निर्माण अभियान सञ्चालन गर्ने । पार्टी प्रवेशका कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गर्ने । पार्टी सँग आबद्ध रहेका जनवर्गीय, पेशागत तथा भातृ संगठनहरूको आवश्यकता अनुसार गठन र परिचालन गर्ने ।

(ख) **सङ्घर्षः** संविधान संशोधन, जनसङ्ख्याका आधारमा प्रतिनिधित्व, पहिचान, राज्यको पुनर्संरचना, पार्टीले उठाउँदै आएका मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम, दलित, पिछडावर्ग, महिला, अल्पसंख्यक समुदायका मुद्दाहरूलाई जनताको बीचमा लैजाने, जनताका दैनिक जीवनसँग सम्बन्धि स्थानीय समस्याहरू, भ्रष्टाचार, गरिबी, बेरोजगारी, सामाजिक सुरक्षा लगायतका विषयहरू जनताका माँझमा लैजाने । विगतमा पार्टीले सरकार समक्ष पेश गरेको ६७ बूँदे माँग र प्रस्तावहरुलाई जनता समक्ष लिएर जानुपर्दछ । जसपा नेपालको विचार, नीति तथा कार्यक्रमहरूलाई जनजनमा स्थापित गर्न, विचार, गोष्ठी, कोण सभा, आमसभा, प्रदर्शन आदि कार्याक्रमहरू गर्ने/गराउने । संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न संघर्षरत रहनुपर्दछ । आन्दोलनका कार्यक्रमहरु निरन्तर जारी राख्नुपर्दछ ।

(ग) **प्रशिक्षण** : प्रदेश समिति, राष्ट्रिय समितिहरू, जिल्ला नगर/पालिका समितिहरुलाई प्रशिक्षण दिने, प्रशिक्षणका अन्य विषयका साथै निर्वाचन सम्बन्धी विशेष प्रशिक्षणको आयोजना गर्ने । भातृ संगठनहरूको लागि छुट्टै प्रशिक्षणको व्यवस्था प्रशिक्षण विभागले गर्ने ।

(घ) **निर्वाचनः** निर्वाचन केन्द्रीत कार्यहरुलाई उच्च प्राथमिकतामा राख्नुपर्दछ । उम्मेदवारको चयन, चुनाव प्रचारप्रसार, आर्थिक व्यवस्थापन, स्वयं सेवक परिचालन, चुनावी प्रशिक्षण, मतदाता सचेतन कार्यक्रम, मतदाता सूचीमा नाम दर्ता लगायत चुनावसँग सम्बन्धित कार्यक्रमहरू प्रदेश समिति, राष्ट्रिय समितिहरू, जिल्ला समिति, पालिका समितिहरू र सो मातहतका समितिहरुले कार्यक्रम र कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने । निर्वाचन क्षेत्र स्तरीय तथ्याङ्क संकलन, विभिन्न पार्टीहरूको स्थितिको विश्लेषण गरी निरन्तर रिपोटीङ्ग गर्ने । हाम्रो पार्टीको उम्मेदवारहरू जित्न

सक्ने सम्भावना रहेको क्षेत्रहरूमा बढी ध्यान दिने, शक्ति परिचालन गर्ने र जिताउने ।

१०. पार्टी एकता, मोर्चा र चुनावी तालमेल सम्बन्धमा :

(क) समान विचार, सिद्धान्त र मुद्दा मिल्ने राजनीतिक दलहरूसँग पार्टी एकता गर्न प्रयास गर्ने ।

(ख) विचार, सिद्धान्त न मिल्ने तर राजनीतिक मुद्दाहरू मिल्ने राजनीतिक दलहरूसँग संयुक्त मोर्चा, कार्यगत एकता वा सहकार्य गर्ने ।

(ग) यसका अतिरिक्त अवस्था हेरी अन्य दलहरुसँग सीटको तालमेल पनि गर्न सकिनेछ ।

११. संघीय लोकतान्त्रिक मोर्चालाई अझ बढी क्रियाशील, प्रभावकारी र सबल बनाउने । संघीयता, समानता, लोकतन्त्र, गणतन्त्र, धर्मनीरपेक्षता, समावेशिता र सामाजिक न्यायका बिरुद्ध रहेका प्रतिगमनकारी शक्तिलाई परास्त गर्न समय र परिस्थिति अनुसार अन्य दल वा मोर्चासँग पनि सहकार्य गर्न सकिनेछ ।

१२. पार्टी शुद्धिकरण, सुदृढीकरण र अनुशासन सम्बन्धमा ।

जनता समाजवादी पार्टी, नेपाललाई एउटा शसक्त क्रान्तिकारी समाजवादी शक्तिको रूपमा रूपान्तरण गर्दै लैजानुपर्दछ । जसले मुलुकमा संघीयता, सुशासन, समानता, स्वतन्त्रता, लोकतन्त्र, सामाजिक न्याय, समृद्धि र समाजवादको लक्ष्य हासिल गर्न सकोस् । उत्पीडित वर्ग, उत्पीडित जात/जाति, उत्पीडित समुदाय अर्थात् उत्पीडित र उपेक्षित राष्ट्रियताहरूको हक, अधिकार र न्याय प्राप्तिका लागि संघर्ष गर्न सक्षम् होस् । विगतमा हाम्रो पार्टी विरूद्ध आन्तरिक र वाह्य दुबै तर्फबाट व्यापक षड्यन्त्र, चलखेल, आक्रमण र विखण्डन गराएका छन्, भएका छन् । यसको पनि अध्ययन, अनुसन्धान र विश्लेषण गरिनु पर्ने नै छ । विगतको घटना क्रममलाई मुल्याङ्कन गरी भविष्यमा हुन सक्ने यस्ता षड्यन्त्र, चलखेल र दुर्घटनाबाट पार्टीलाई जोगाउन पार्टीका सम्पूर्ण सदस्यहरू यस्ता क्रियाकलापहरु प्रति सचेत र चनाखो रहनुपर्दछ । रोगको निदान समय मै गर्नुपर्दछ । पार्टीको नीति, सिद्धान्त, निर्णय र विधान तथा कार्य पद्धती विपरीत कार्य गर्ने, पार्टी एकतालाई कमजोर पार्ने र पार्टी भित्र गुटबन्दी गर्ने, पार्टी र पार्टी नेतृत्व विरूद्ध भ्रम सिर्जना गर्ने, सामाजिक संजालहरु फेसबुक, ट्वीटर, इन्स्टाग्राम आदीलाई प्रयोग गरी पार्टी र पार्टीका नेताहरु बिरुद्ध नकारात्मक प्रचार गर्ने, पार्टी अनुशासन उल्लघंन गरी हिड्ने, पार्टीले दिएको दायित्व र जिम्मेवारी पुरा नगर्ने, पार्टी विरूद्ध रहेका व्यक्ति वा शक्तिसँग साँठगाँठ गरी पार्टीलाई कमजोर पार्ने, पार्टी विरूद्ध षड्यन्त्र गर्ने, व्यक्तिगत स्वार्थ परिपूर्तिका लागि मात्र कार्य गर्ने, पार्टीभित्र अनावश्यक द्वन्द सिर्जना गर्ने जस्ता गैर-राजनीतिक चरित्र र प्रवृत्तिबाट

पार्टीलाई जोगाउँदै पार्टीको क्रान्तिकारी सिद्धान्त एवं कार्य पद्धति र संगठनात्मक शक्तिलाई रक्षा गर्ने र असमाजिक प्रवृत्ति, चरित्र र क्रियाकलाप तथा पार्टीलाई कुनै प्रकारले हानी नोक्सान पुर्याउने खालका पार्टी भित्र वा बाहिरका प्रवृत्ति विरूद्ध सदैव चनाखो र सचेत रहनुपर्दछ। यस्ता प्रवृत्ति, चरित्र र क्रियाकलाप गर्ने पार्टीका जुनसुकै तहमा रहेका व्यक्तिहरूको पहिचान गरी मातहतका समितिले पार्टी विधान अनुसार अनुशासनको कारबाही गर्नुपर्दछ। पार्टीको विधान विपरीत क्रियाकलाप गर्ने र पार्टी आचार संहिता उल्लंघन गर्ने जोसुकैलाई पनि पार्टीले कारबाही गर्नु पर्दछ।

१३. आन्दोलनका क्रममा शहादत प्राप्त गर्नु हुने सम्पूर्ण शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण व्यक्त गर्दै घाइते हुनु भएकाहरूको शिघ्र स्वास्थ्य लाभको कामना सहित शहीद परिवारजनहरूप्रति जसपा, नेपाल समवेदना व्यक्त गर्दछ।

१४. सर्लाही जिल्लाको समस्या सम्बन्धमा :

मिति २०८२ साल भाद्र १९ र २० गते जनता समाजवादी पार्टी, नेपाल सर्लाही जिल्लाको एकताको प्रथम जिल्ला अधिवेशन हुने क्रममा भाद्र २२ गते निर्वाचन कार्यतालिका बमोजिम निर्वाचन प्रक्रिया अगाडी बढीरहेको अवस्थामा जानकी पार्टी प्यालेस मलङ्गवामा दिनको करिब २ बजे तीर अचानक पार्टीका केही जिम्मेवार व्यक्तिहरुद्वारा निर्वाचन प्रक्रिया भाड्ने, विथोल्ने, निर्वाचन अध्यक्ष मण्डलका संयोजक लगायतका केही सदस्यहरु तथा निर्वाचन अधिकृतलाई समेत अभद्र व्यवहार, गाली, बेइजती, तथा कुटपीट समेत गरी नगदसमेत लुटी लगिएको भनी नवनिर्वाचित जिल्ला अध्यक्ष लगायतहरुद्वारा लिखित प्रतिवेदन केन्द्रीय कार्यालयमा पर्न आएकोले सो सम्बन्धमा उक्त घटनाको सत्य तथ्य छानवीन गर्न तथा घटनामा संलग्नहरुमाथि आवश्यक कारवाही प्रक्रिया अघि बढाउन पार्टीको केन्द्रीय संगठन विभागलाई जिम्मेवारी दिने निर्णय गरियो।

जनता समाजवादी पार्टी, नेपाल ★ केन्द्रीय समिति २०७७ ★ PEOPLE'S SOCIALIST PARTY, NEPAL

लालबाबु राउत
महासचिव